अनुसूची–४

(बुँदा नं. ७.६ सँग सम्बन्धित)

"गुणस्तरीय आर्थिक ,सामाजिक ,भौतिक पूर्वाधार विकासको माध्यमबाट समृद्ध रिब्दीकोट"

रिब्दीकोट गाउँपालिका

रिब्दीकोट, पाल्पाको

आर्थिक वर्ष २०८०।८१ को पहिलो चौमासिक

सार्वजनिक सुनुवाई प्रतिवेदन

सहजिकरण

विष्णुप्रसाद घिमिरे

पिपुल्स क्रियशन प्रा.लि.

तानसेन, पाल्पा

कार्यकारी सारांश

सार्वजनिक सुनुवाईबाट सरोकारवालाले कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । यसकारण विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रहरुले एक आर्थिक वर्षमा समग्र वजेट, योजना तथा कार्यक्रमहरुको वारेमा आम नागरिकलाई जानकारी गराई सेवाग्राहीहरुबाट प्रश्न र उत्तर खोज्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । भएका कामहरूले हासिल गरेका उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन, अवस्थाको आंकलन गर्न सार्वजनिक सुनुवाई विधि प्रभावकारी भएको देखिन्छ । सार्वजनिक सुनुवाईको सैद्धान्तिक पक्षको अनुसरण, सार्वजनिक सुनुवाई कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो जिम्मेवारीको उत्तरदायित्व पूरा गर्न विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रहरुलाई टेवा पुग्ने गर्दछ र भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् ।

विभिन्न सरकारी क्षेत्रहरुले एक वर्षमा कम्तिमा ३ पटक (एक चौमासिकमा एक पटक) सार्वजनिक सुनुवाई गर्नुपर्ने पर्ने प्रावधान छ । यसैअनुसार स्थानीय सरकार संचालन ऐन २०७४ तथा सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाले आर्थिक वर्ष २०८०।८१ को पहिलो चौमासिकमा भएगरेका कामहरुको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरी, सेवाग्राहीहरुको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन गरी आम नागरिकहरुको उपस्थिततिमा सार्वजनिक सुनुवाई गरिएको छ ।

विषयसूची

१. पृष्ठभूमि

२. सार्वजनिक सुनुवाईको उद्देश्य

३. कार्यक्रमको विवरण

४. अध्ययन विधि

  ३.१ सन्दर्भ सामाग्री समीक्षा र अध्ययन

  ३.२ नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन

  ३.३ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक प्रतिवेदनको तयारी

५. सार्वजनिक सुनुवाई

  ५.१ उपस्थिति

  ५.२ नागरिक प्रतिवेदन र बर्हिगमन अभिमतको प्रतिवेदन प्रस्तुती

  ५.३ खुला प्रश्नोत्तर

६. उठेका प्रश्न, जिज्ञासा र उत्तर

१. पृष्ठभूमी

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ ।

सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७८ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिने गर्दछ ।

२. कार्यक्रमको उद्देश्य

- गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउदै सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेही बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

३. कार्यक्रमको बिस्तृत विवरण

१। कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम ।

२। संचालन गरिएको स्थान : रिब्दीकोट गाउँपालिकाको सभाहल ।

३। कार्यक्रम संचालनको भएको समय : २०८० माघ २२ गते । दिउँसो १२:३० देखी वेलुका ४:३० वजेसम्म । (४ घण्टा)

ख) कार्यक्रमको मुख्य कार्य तथा प्रक्रियाहरु :

१) सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा समिक्षा

- स्थानीय सरकार संचालन ऐन २०७४
- स्थानीय सरकार संचालन कार्यविधि ।
- सार्वजनिक सुनुवाई कार्यविधी २०६७ ।
- गाउँपालिकाको लक्ष्य, उदेश्य, कार्ययोजना र कार्यक्रमहरु ।

२) सार्वजनिक सूचना प्रवाह :

रिब्दीकोट गाउँपालिकासंगको समन्वयमा २०८० पौष २२ गते सार्वजनिक सुनुवाई गर्ने भनी मिति तय भईसकेपछी सहजिकरण गर्ने संस्थाले सामुदायिक रेडियो मुक्तिनाथ लगायतका संचारमाध्यमहरुबाट, गाउँपालिकाको आफ्नै वेभ पोर्टल र फेसबुक पेजबाट तथा अन्य सामाजिक संजालको माध्यमबाट आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीको लागि आह्वान गरेको थियो । साथै रिब्दीकोट गाउँपालिकाका वडा कार्यालयहरुमा पनि सूचना टाँस गरी निमन्त्रणा गरिएको थियो । त्यसैगरी नागरिक प्रतिवेदन संकलनका लागि गएका प्रतिनिधिहरुबाट समेत सार्वजनिक अपिल गरिएको थियो ।



रिब्दीकोट गाउँपालि

गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८०/०८१

च.नं.

सार्वजनिक सुनुवाई सम्बन्धी सूचना !!!

सूचना नं. ६५ मितिः २०८०।१०।०४

ने.स. ११४४ पोहेलाथ्व,८

रिब्दीकोट गाउँपालिकाको आ.व. २०८०।८१ को हालसम्मको योजना तर्जुमा, विकास
पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउदै सुशासन कायम गर्न विकास निर्माण त
सरोकारवाला (राजनैतिक दल, जनप्रतिनिधिहरु, पत्रकार, नागरिक समाज, संघ- संस
तथा उपभोक्ताहरु) तथा पालिकावासीहरुको जिज्ञासा, गुनासा, प्रतिक्रिया तथा सुझ
सुधार गर्दै जाने उदेश्यका साथ देहायको मिति, समय र स्थानमा हुने सार्वजनिक सु
अनुरोध छ ।

सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमः

मितिः २०८०।१०।१९ गते (ने.स. ११४४ पोहेलागा,७) शुक्रबार

३) सिटिजन रिपोर्ट कार्ड र एक्जिट पोल संकलन ।

यस गाउँपालिकाका १० वटै वडाहरुमा रहेका सेवाग्राहीलाई सम्बन्धित वडाहरुमै भेटेर सिटिजन रिपोर्ट र एक्जिट पोल, सार्वजनिक सुनुवाई कार्यविधिको निर्धारित ढाचामा अनुसूची २ र ३ मा उल्लेख भएको ढाँचामा फर्म भरी प्रश्न र सुझावहरु संकलन गरिएको थियो । यस अर्न्तगत यस रिब्दीकोट गाउँपालिकाका सबै ८ वटा वडाहरुमा पुगेर १ सय १० जना नागरिकहरुलाई प्रतक्ष्य भेटेर नागरिक प्रतिवेदन र गाउँपालिकाबाट सेवा लिई फर्केका ५० जना सेवाग्राहीहरुलाई बर्हिगमन अभिमतको तथ्याङ्कहरु संकलन गरिएको थियो ।

४) प्रारम्भिक प्रतिवेदनको तयारी :

सबैवडाहरुबाट प्राप्त भएका सिटिजन रिपोर्ट र एक्जिट पोलको निर्धारित ढाचामा भरिएका फर्महरुलाई विश्लेषण र एकिकृत गरी निर्धारित ढाँचाको प्रारम्भिक प्रतिवेदनको तयारी गरिएको थियो । जसलाई सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना भएको दिन प्रस्तुत गरिएको थियो ।

५) सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना ।

माथी उल्लेखित कार्यहरु र प्रक्रिया पुरा गरिसकेपछी तोकिएको मितिमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना भएको छ । जसमा तपसिलका प्रक्रिया अनुसारका कार्यहरु संचालन भएका थिए ।

सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :

क) संचालन तथा सहजिकरण : सहजिकरण गरेको संस्था पिपुल्स क्रियशन तानसेनको तर्फबाट सहजकर्ता ***श्री विष्णु प्रसाद घिमिरेले*** सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित तथा मर्याधित बनाउन सार्वजनिक सुनुवाई कार्यविधिले तोकेको ढाँचामा तपसिल अनुसारको सहजिकरण गर्नुभयो ।

क.सं.	भूमिका	नाम,थर
१	सहजिकरण । संचालन	विष्णु प्रसाद घिमिरे
२	अध्यक्ष्यता	नारायण बहादुर कार्की, गाउँपालिका अध्यक्ष
३	सेवा प्रदायकहरु	कान्ता अधिकारी, उपाध्यक्ष, मदन अर्याल, प्रमुख प्रशासकीय अधिकृत
४	सेवा प्रदायकहरु	प्रकाश रायमाझी, प्रवक्ता
५	सेवा प्रदायकहरु	८ वटै वडाका वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालयका प्रतिनिधिहरु, शाखा प्रमुख तथा कर्मचारीहरु ।
६	पर्यवेक्षकहरु	पत्रकार तथा अन्य सामाजिक संघसंस्थाका प्रतिनिधिहरु

ख) सेवा प्रदायकको प्रतिवेदन प्रस्तुती : आर्थिक वर्ष २०८०।८१ मा रिब्दीकोट गाउँपालिकापाल्पाले सम्पन्न गरेका वजेट, योजना तथा कार्यक्रमहरुको प्रगती प्रतिवेदन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले प्रस्तुत गर्नुभएको थियो ।

ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुती : सार्वजनिक सुनुवाईको सहजिकरण गर्ने सस्थाले सेवाग्राहीहरु संग भेटेर गरिएको सिटिजन रिपोर्ट कार्ड र एक्जिट पोल सम्बन्धीको प्रारम्भिक प्रतिवेदन तपसिलको ढाँचामा प्रस्तुत गरेको थियो ।

"गुणस्तरीय आर्थिक ,सामाजिक ,भौतिक पूर्वाधार विकासको माध्यमबाट समृद्ध रिब्दीकोट"

रिब्दीकोट गाउँपालिका

पाल्पाको

सार्वजनिक सुनुवाई

२०८०।१०।२२

सहजिकरण

पिपुल्स क्रियशन, प्रा.लि.

तानसेन, पाल्पा

आयोजक

रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउँ कार्यपालिकाको कार्यालय

सार्वजनिक सुनुवाईका चरणहरु

- गाउँपालिकाले संचालन गरेका वजेट, योजना, कार्यक्रम तथा नीतिगत व्यवस्थाहरुको अध्ययन ।
- सार्वजनिक सुनुवाई कार्यविधि २०६७, गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यशर्त २०८०, आर्थिक प्रशासन ऐन, स्थानीय सरकार संचालन ऐन लगायतका संर्दभ सामाग्रीहरुको अध्ययन ।
- व्यक्तिगत तथा समूहगत छलफल, अवलोकन, अर्न्तवाता र प्रश्नावली ।
- नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत

Exit Poll संकलन ।

- अध्ययन, विश्लेषण र अन्तिम प्रतिवेदन तयारी र सार्वजनिक ।

अभिमत संकलन

सार्वजनिक सुनुवाईको कार्यविधिमा भएको

अनुसुची २ अनुसारको

नागरिक प्रतिवेदन Citizen Report Card

११० जनालाई

अनुसुची ३ अनुसारको

बर्हिगमन अभिमत Exit Poll

५० जनालाई फर्म भरिएको थियो ।

अनुसूची २

बुँदा नम्बर ३.६.१ सँग सम्बन्धित

नागरिक प्रतिवेदन

Citizen Report Card

सन्तुष्टि वा असन्तुष्टि जनाउने

१. सेवाको सन्तुष्टी

१.१ तपाईले यस कार्यालयको सेवाबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनुभयो ?



१. सेवाको सन्तुष्टी

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति कत्तिको सन्तुष्ट हुनुभयो ?



२. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भएअनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको संन्तुष्ट हुनुहुन्छ ?



२. सेवाको नियमितता

२.२ कार्यालय नियमित रुपमा कर्मचारीको उपस्थिती, समयपालना, कार्यचुस्तता संचालन भएको छ भन्ने कुरामा तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?



२. सेवाको नियमितता

२.३ तपाँईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?



२. सेवाको नियमितता

२.४ यस कार्यालयले सार्वजनिक चासो र समस्या समाधानका लागि औसत कति समय लगाउने गरेको छ ?



३. सेवाप्रतिको जनविश्वास

३.१ यस सस्थाले दिने सेवाप्रति तपाँई कत्तिको विश्वस्त हुनुहुन्छ ?



३. सेवाप्रतिको जनविश्वास

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको वारेमा अरुलाई जानकारी गराई कत्तिको जानकारी दिने गर्नुभएको छ ?



३. सेवाप्रतिको जनविश्वास

३.३ यस कार्यालयमा कार्यरत कर्मचारीहरु प्रति तपाँईको विश्वास कत्तिको छ ?



३. सेवाप्रतिको जनविश्वास

३.४ यस कार्यालयले विपन्न वर्गको लागि सेवाप्रवाहमा कत्तिको ध्यान दिएको जस्तो लागेको छ ?



४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्टि हुनुहुन्छ ?



४. सेवाको गुणस्तर

४.२ तपाँई यस कार्यालयमा सेवा लिन आउँदा कसैको सहयोग लिनुभयो ?



४. सेवाको गुणस्तर

४.३ यस कार्यालयमा तपाँईले एउटा कामको लागि कतिपटक धाउनुपरयो ?



५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?



५. सेवा सम्बन्धी जानकारी

५.२ कार्यालय भएको नागरिक वडापत्र वारे तपाँईलाई जानकारी छ ?



५. सेवा सम्बन्धी जानकारी

५.३ कार्यालय र सेवाग्राही बीचमा सम्बन्ध कस्तो छ ?



५. सेवा सम्बन्धी जानकारी

५.४ संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिती कति प्रतिशतसम्म हुने गरेको छ ?



६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.१ तपाँईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गर्ने गरेका छन् ?



६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक वडापत्र अनुरुप कतिहदसम्म सेवा प्रदान गर्ने गरेका छन् ?



६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.३ तपाँईको विचारमा उजुरी पेटीकाको उपयोग कुनहदसम्म भएको छ ?



अनुसूची ३

बुँदा नम्बर ३.४.१ सँग सम्बन्धित

बर्हिगमन अभिमत

Exit Poll

सेवा लिएर फर्किएका सेवाग्राहीलाई सोधिने

बर्हिगमन अभिमत Exit Poll

१. किन आउनुभएको हो ?



बर्हिगमन अभिमत Exit Poll

२. कार्यालयमा कुन कामको लागि आउनुभएको थियो ?



बर्हिगमन अभिमत Exit Poll

१	सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा स्पष्ट जानकारी भयो ?



बर्हिगमन अभिमत Exit Poll

सेवा प्रदायक कर्मचारीले तपाँईको आवश्यकता र अपेक्षा कति वुझेजस्तो लाग्यो ?



बर्हिगमन अभिमत Exit Poll

तपाँई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?



बर्हिगमन अभिमत Exit Poll

तपाँई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?



राम्रा पक्षहरु

बहिर्गमन अभिमत संकलनका क्रममा नागरिकले व्यक्त गरेका राम्रा पक्षहरु

१	कार्यालयहरु प्रविधियुक्त छन् जसका कारण सेवाप्रवाहमा सहज भएको छ । वडाहरुमा पनि कम्प्यूटर, प्रिन्टर, फोटोकपी, ईन्टरनेट सुविधा छ ।
२	गाउँपालिका तथा वडा कार्यालयहरुको भौतिक अवस्था राम्रो छ । (कुसुमखोला वाहेक)
३	जनप्रतिनिधिहरु जनमैत्री र मिलनसार छन् जसका कारण सेवाग्राहीहरुले सजिलै आफ्नो कुरा राख्न सक्छन् । -गुनासो पेटिकामा गुनासोको साटो सिधै सम्पर्क ।
४	वडाहरुमा योजनाहरु ७० प्रतिशत भन्दा वढी सम्पन्न भईसकेका छन् ।
५	कतिपय वडाहरुले सेवाग्राहीलाई आवश्यक फोटोकपी, प्रिन्ट लगायतका सुविधा निशुल्क वडामै दिएका छन् ।
६	सामाजिक सुरक्षाभत्ता कतिपय वडाहरुले वडामै तथा टोलमै वैंकका प्रतिनिधि मार्फत वितरण गर्दा नागरिकलाई सहज भएको छ ।

नागरिकले व्यक्त गरेका राम्रा पक्षहरु

७	ग्रामिण क्षेत्र भएपनि सर्भर र ईन्टरनेट सुविधा राम्रो छ । छिटफुट वाहेक समस्या आउँदैन् । घटनादर्ता सहज भएको छ ।
८	वडामै सार्वजनिक सुनुवाई भएको छ, जसका कारण सेवाग्राहीहरुले वडामै प्रश्न राख्न पाएका छन् । (भैरवस्थान)
९	खानेपानी र मोटरवाटोको अवस्था सहज बन्दै गएको छ । घण्टौ लाईन लागेर गाग्रोमा पानी वोकेर खानुपर्ने अवस्था छैन् ।
१०	गाउँपालिकाको आय व्यय र प्रगती विवरण साथै सबै सूचनाहरु समयमै वेभसाईटहरुमा अपलोड हुने गरेको छ ।

नागरिकले व्यक्त गरेका प्रश्न, जिज्ञासा र सुझावहरु ।

१	कार्यालय छिर्नासाथ कागजपत्रको सहजिकरण गर्नुपर्ने । सेवाग्राही अलमलमा
२	लेखाका कर्मचारी नियमित नहुँदा, भुक्तानीमा ढिलाई भएको ।
३	वडाहरुले समयमै काम सम्पन्न गरेको भएपनि फरफारक नहुँदा, उपलब्धी नदेखिएको ।
४	योजना मूल्याङ्कनबाट रकम घट्न गई उपभोक्ताहरु मर्कामा परेका छन् । उपभोक्ताहरुलाई सहजिकरण आवश्यक ।
५	योजनामा डोजर लगाउछन् थाहा छ, तर डोर हाजिरी भर्नुपर्ने बाध्यता । नीतिगत अप्ठेरोलाई फुकाउनुपर्छ ।
६	योजनाको स्टेमेटबारे उपभोक्ताहरुलाई सहजिकरण गर्न आवश्यक छ । अधिकांश उपभोक्ताहरुको वजेट रकम भन्दा कम भुक्तानी भएको ।

नागरिकले व्यक्त गरेका प्रश्न, जिज्ञासन र सुझावहरु ।

७	पूजीगत योजनाहरु सम्पन्न भएपनि लक्षित कार्यक्रमहरु अधिंकाश सुरु भएका छैनन् । लक्षित कार्यक्रमहरु सम्मान, प्रतियोगिता र वितरणमा केन्द्रित छन् ।
८	सामाजिक सुरक्षा भत्ता वैंक मार्फत गर्दा कतिपय वडाहरुमा दोहोरो दुःख पाएका छन् । वडामा सिफारिस अनी वैंकमा भुक्तानी ।
९	फेक र कुसुमखोलामा एउटा वडा सचिवले दुईवटा वडामा सेवा गर्नुपर्दा सेवाग्राहीलाई अप्ठेरो परेको छ । जनप्रतिनिधिहरुले कर्मचारी मिलानमा ध्यान ।
१०	सबै वडामा गुनासोपेटिका छन् तर गुनासो आएको छैन् ।
११	नागरिक वडापत्र सबै वडामा छन् । तर कतिपय वडाहरुमा कार्यालय भित्र राखिएको छ । सेवाग्राहीहरुले सहजै देख्न सकेका छैनन् ।
१२	हेफरसंगको साझेदारी कार्यक्रमले साना किसान समेटेपनि ठूला र व्यवसायिक कृषकलाई समेट्न सकेन । –कृषिमा सबैलाई भागविलो पुरयाउने काम भयो)

नागरिकले व्यक्त गरेका प्रश्न, जिज्ञासन र सुझावहरु ।

१३	लिफ्ट खानेपानीको विकल्प छैन् तर विद्युतको खर्च वढी आउँदा उपभोक्ता मारमा परे । -ख्याहा)
१४	पालिकाको ढोकै अगाडीको हार्थोक छहरा मोटरवाटो सुधार गर्नुपर्ने ।
१५	लिजाका सूचकहरुमा सुधार गर्ने कार्यक्रमहरु गर्नुपर्ने ।
१६	

अघिल्लो सार्वजनिक सुनुवाईका
महत्वपूर्ण विषयहरु

सार्वजनिक सुनुवाई भएको मिति: २०८० जेठ २६

अघिल्लो सार्वजनिक सुनुवाईका महत्वपूर्ण विषयहरु

क्र.सं.	उठान भएका विषयहरु
१	हार्थोक छहरा मोटरबाटो मर्मत ।
२	कृषकको उत्पादनलाई सोझै विक्री गरिनुपर्ने ।
३	हार्थोकमा केवल र विजुलीका तारहरु अस्तव्यस्त भए ।
४	एसईई र बार्षिक परीक्षाको मुखमा आएर, रनिङ्गशिल्ड गर्दा पढाईमा असर परेको ।
५	बेरुजु घटाउन पहल गर्नुपर्छ ।

अघिल्लो सार्वजनिक सुनुवाईका महत्वपूर्ण विषयहरु

क्र.सं.	उठान भएका विषयहरु
६	योजनाको अनुगमन पछी प्रतिवेदन सार्वजनिक गर्नुपर्छ ।
७	भैरवस्थानका लिफ्ट खानेपानी योजनाको अनुगमन र लेखापरीक्षण किन नभएको ?
८	विद्यालय प्रोत्साहन न्यायोचित हुन नसकेको
९	फेकबाट पालिका आउनेबाटोको स्तोरन्नती
१०	इसिडी शिक्षिकाको तलव कम भयो ?

आचारसंहिताको पालना

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन प्रस्तुती पछी सहजकर्ताले तपसिलको आचारसंहिता सुनाई सबैलाई आचारसंहिताको पूर्ण पालना गर्न लगाइएको थियो ।

अनुसूची–४ (बुंदा नं. ७.८ संग सम्बन्धित)

सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने

आचार संहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

घ) दोहोरो अर्न्तक्रिया : कार्यक्रममा उपस्थित नागरिकले सम्बन्धित क्षेत्रका सेवा प्रदायकहरुलाई प्रश्न र सेवा प्रदायकहरुबाट उत्तरको अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

उठेका प्रश्न/जिज्ञासा र उत्तर :

क्र.स	प्रश्नकर्ता, गुनासो गर्ने वा सुझाव दिनेको नामथर र ठेगाना	सहभागीको प्रश्न । गुनासो । सुझाव	जवाफ दिने पदाधिकारीको नम,थर र ठेगाना	जवाफको छोटकरी व्यहोरा
१	नवराज ज्ञवाली रिब्दीकोट ४, पाल्पा	लिफ्ट खानेपानी समितिको साधारणसभा तथा लेखा परीक्षण नभईकन वडाबाट सहयोग गर्न मिल्छ कि मिल्दैन ?	सोम कुमार कार्की, वडाअध्यक्ष	लेखापरीक्षण र साधारण सभा भएका छन् । कागजपत्रको आधारमा सहयोग गरिएको छ ।
२	कपिलजंग कुँवर रिब्दीकोट २	गएको असारमा वडानं. १ ख्याहाको साईनबोर्ड लेख्ने काम गरेको थिए, भ्याट विल पनि दिए तर मैले पुरा भुक्तानी पाईन किन ? वडा अध्यक्षको खातामा पैसा गएको भन्ने सुने ।	काशिनाथ आचार्य, योजना शाखा	त्यहाको काम उपभोक्ता समिति मार्फत भएको हो, उपभोक्ता समितिले नै सम्झौता गरेको छ, र उपभोक्ता समितिकै खातामा रकम भुक्तानी भएको छ । वडाअध्यक्षको खातामा भुक्तानी भएको छैन् ।
			पुरन कार्की, ईन्जिनियर	काम सम्पन्न भएपछि हामीले इस्टमेट अनुसारको मूल्याङ्कन गरेका थियौ । तपाईले गरेको कामको जिल्ला दररेट अनुसारको मूल्याङ्कन गरेका हौं ।
			चिरञ्जिवी पोखरेल, वडा अध्यक्ष, १	उपभोक्ता समितिले सम्झौता गरी काम गरायो, मैले तपाईलाई सहजिकरण मात्रै गरेको हुँ, प्राविधिकले गरेको मूल्याङ्कनको आधारमा रकम भुक्तानी गर्नुपर्ने उपभोक्ता समितिकै निर्णय हो । मूल्याङ्कन र विल रकममा फरक पर्न गएकोले तपाईको कामको भुक्तानी भएको हो ।
३	मुना थापा, वडा नं. ३	पहिलोपटक उपभोक्ता समितिमा बसेर काम गरे, १ लाख ५० हजारको योजनामा सबै वजेटको काम गराए, १९ हजार रकम कम मूल्याङ्कन भयो, मैले कहाँबाट तिर्नु ?	काशिनाथ आचार्य, योजना शाखा	प्राविधिकहरुले इस्टमेट गरेअनुसारको काम गर्नु पर्नेमा सो अनुसार नभएयर पनि हुन सक्छ । मूल्याङ्कनको आधारमा भुक्तानी हुन्छ ।
			मदन अर्याल, प्रमुख प्रसाशकीय अधिकृत	उपभोक्ता समितिबाट गरिएको काममा उपभोक्ताहरुको पनि लगानी हुनुपर्छ त्यो रकम पनि जोडिने र अधिंकाश उपभोक्ताहरुले स्वलगानी नगर्दा र विनियोजित वजेटको मात्रै काम गर्दा यस्ता समस्याहरु देखिएका छन् । आगामी आर्थिक वर्षको सुरुमै हामीले उपभोक्ताहरुलाई तालिम दिएर मात्रै योजना

				कार्यान्वयन तर्फ लाग्नेछौं ।
४	गणेश बहादुर राना रिब्दीकोट ८	हाम्रो वडामा लिफ्ट खानेपानी योजना छ । यसको कहिले ट्रान्सफर्मर, कहिले तार, कहिले के अनेक समस्या आएर पानी नै खान नपाईने स्थिती आयो यसको समाधान के हो ?	पुरन कार्की, ईन्जिनियर	विद्युतबाट पहिला सानो ट्रान्सफर्मर आयो यसले पानी तान्न सकेन, पछि ल्याइएको ट्रान्सफर्मरलाई विद्युत पुगेन ।
			नारायण बहादुर कार्की, अध्यक्ष	बाटो, विद्युत लगायतका समस्याहरु समाधान गर्छौं, नआत्तिनुहोस, हामी पानी खुवाउँछौं । केहि प्राविधिक समस्याहरु आएका हुन्, हाम्रो पालिकाबाट विद्युत कार्यालयमा समन्वय गर्छौं ।
५	लक्ष्मण सिलवाल	उपभोक्ता समितिलाई छिटो काम गर भनेर दवाव दिने तर काम सम्पन्न भएपछी भुक्तानी समयमा नहुने समस्या भएको छ । लेखाको कर्मचारी छैन् भन्ने सुनिएको छ, के हो ?	नारायण बहादुर कार्की, अध्यक्ष	हाम्रो पालिकाको लेखा अधिकृत काजमा अन्यत्र जानुभएको हो । अर्को एकजना लेखापालको पनि अवकाश भएको छ । अर्को पालिकाबाट दुवै तिर हेर्नेगरी एकजना कर्मचारीको व्यवस्थापन गरेका छौं । प्रदेशबाट कर्मचारी आपूर्ती नहुँदा समस्या भएको छ ।
६	शन्तोष थापा	हार्थोक छहरा मोटरबाटो स्तोरन्नती किन भएन् ? यो बाटो अर्न्तगत कुसुमखोलामा एउटा विग्रिएको ट्रक बर्षोदेखी अलपत्र छ, यसले त्यहाका मानिसहरुलाई अप्ठेरो बनाएको छ ।	नारायण बहादुर कार्की, अध्यक्ष	हार्थोक छहरा मोटरबाटो स्तोरन्नतीको काम भईरहेको छ । पहिलाको तुलनामा धेरै सुधार भएको छ । अझै यसलाई स्तोरन्नती गर्नेछौं ।
७	विमला ज्ञवाली	इसिडी शिक्षिकाहरुलाई पहिले दिउँसो २ वजेसम्म मात्रै पढाउने गरी थोरै तलवको व्यवस्थापन भएको थियो, अहिले पुरै समय अध्यापन गर्नुपर्छ तर सेवासुविधा भने वढेको छैन् ?	नारायण बहादुर कार्की, अध्यक्ष	पहिलाकै नर्म्स अनुसार भुक्तानी भईरहेको छ । क्रमिक सुधारको पहलमा छौं । राज्यले तोकेको सेवासुविधा दिन्छौं ।
८	ध्रुव नेपाल	जिल्ला दररेट समयानुकुल हुन सकेन । यो दररेटमा उपभोक्ता समिति तथा ठेक्कामा पनि काम गराउन गाह्रे भयो । दररेट भन्दा कामको ज्याला धेरै छ ।	मदन अर्याल, प्रमुख प्रसाशकीय अधिकृत	जिल्ला दररेट अनुसार नै काम गर्नुपर्ने हुन्छ । यो दररेट हामीले बनाउने होइन तर आउँदा दिनमा समयानुकुल दररेट बनाउन हाम्रो पनि पहल रहनेछ ।
९	सुरेश गौतम, भैरवस्थान	माध्यमिक तहसम्मको शिक्षा निशुल्क भनिएको छ, शुल्क लिन पाईदैन, सरकारले दिने रकमले विद्यालयको खर्च धान्दैन, पालिकाले तलव र भौतिक संरचना बाहेकका काम शिक्षामा गर्नुपर्दैन भन्ने सोच्छ विद्यालय कसरी चल्छ ?	नारायण बहादुर कार्की, अध्यक्ष	शिक्षालाई रिब्दीकोटले प्राथमिकतामा राखेर काम गरेको छ । कतिपय त्रुटीहरु हुन सक्छन् । शिक्षा क्षेत्रमा धेरै परिवर्तनको खाँचो छ । हाम्रो पनि श्रोत र साधनको कमीले क्रमिक रुपमा संवोधन गर्दै गएका छौं ।

१०	मदन नेपाल, खस्यौली	किसानले दुधको मूल्य पाएका छैन्न् । पहिलाको रेटमै दुध विक्री गर्नुपरेको छ । उपभोक्ताले खरिद गर्ने मूल्य भन्दा कैयो गुना सस्तोमा दुध विक्री भएको छ । समयानुकुल गराउन पहल गर्नुपरो ।	नारायण बहादुर कार्की, अध्यक्ष	हामीले कृषि उत्पादनमा ७ प्रकारका उत्पादनहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिएका छौं । दुधको वजार समस्या संवोधनको लागि हामीले पहल गर्नेछौं ।
११	दिपक कुँवर, माल्मोल	शिक्षामा लगानी भनेको तलव र भौतिक निर्माण मात्रै हो ? त्यो पनि हाम्रो विद्यालयमा नयाँ बनेको भवनमा झ्याल ढोका र फर्निचर समेत छैनन् । विद्यार्थीले चिसोमा बसेर पढ्नुपरेको छ ।	नारायण बहादुर कार्की, अध्यक्ष	शिक्षालाई रिब्दीकोटले प्राथमिकतामा राखेर काम गरेको छ । कतिपय त्रुटीहरु हुन सक्छन् । शिक्षा क्षेत्रमा धेरै परिवर्तनको खाँचो छ । हाम्रो पनि श्रोत र साधनको कमीले क्रमिक रुपमा संवोधन गर्दै गएका छौं ।
१२	अमरभाट क्षेत्री	उपभोक्ता समितिहरु अधिंकाश घाटामा गईरहेका छन् । उनीहरु समितिमा बस्न समेत नमान्ने स्थिती आएको छ ? कतै यो उपभोक्तालाई निरुत्साही बनाएर, ठेकेदार पोस्न खोजिएको त हैन् ?	मदन अर्याल, प्रमुख प्रसाशकीय अधिकृत	ठेकेदार प्रोत्साहनको लागि हामीले काम गर्दैनौं । उपभोक्ता समितिबाट गर्नुपर्ने कामहरु उहाँहरुबाटै गराउन हामीले आवश्यक सहजिकरण गर्ने गरेका छौं । तर कतिपय उपभोक्ताहरु हाफ्नो स्वलगानी गर्न नखोज्दा घाटा भएको पनि हुन सक्छ । उपभोक्ताहरुले आफ्नो लागि योजनाको काम गर्ने हो । उहाँले नाफा र घाटा हेर्ने होईन ।
१३	सुमन विश्कर्मा, ख्याहा	वडाको अधिकार खुम्च्याइएको छ । सिंहदरवारको अधिकार गाउँ गाउँ भन्ने अनी पालिकामै केन्द्रित राख्ने काम भएको छ ।	नारायण बहादुर कार्की, अध्यक्ष	देशको संविधान, ऐन कानुन अनुसार नै संचालन गर्नुपर्‍यो । हाम्रोमा मात्रै होईन यो देशैभरीको समस्या हो । वडालाई आर्थिक अधिकार नभएका कारण आर्थिक क्रियाकलाप पालिकाबाट गर्नुपर्ने बाध्यता छ ।
१४	गोविन्द पोखरेल, भैरवस्थान	भैरवस्थान मन्दिरको लागि पुरातत्व विभागबाट वजेट परेको छ । तर यहाँका नेपाल टेलिकमका टाँवर लगायतका संरचना हटाउनुपर्ने छ । पालिकाले पहल गरोस । भैरवस्थान मन्दिरको वारेमा गलत र भ्रामक सूचनालाई समाचार बनाइएको छ । कतिपय पत्रकारहरुले वार्गेनिङ्ग गर्ने गरेका छन् ।	नारायण बहादुर कार्की, अध्यक्ष	भैरवस्थान मन्दिर पुरातत्व विभाग अर्न्तगत पर्ने भएकोले हामीले त्यहा पुनःनिर्माण वा अन्य काम गर्न नमिलेको अवस्था हो । टावर हटाउने कार्यमा हामी पहल गर्छौं । समितिले पनि हामीलाई भन्नुपरयो ।
			विष्णुप्रसाद घिमिरे, पत्रकार	पत्रकारहरुले गलत कार्य गरेको भए, सार्वजनिक गर्नुहोस, अरु पत्रकारले पक्कै पनि साथ दिन्छन् । सबैले गरेनन् होला । जसले गरेको हो खुलाईदिनुभए सजिलो हुनेथियो ।

१५	चन्द्रमणी पोखरेल	कृषिमा उत्पादन अनुसारको वजारिकरण भएको छैन् । ठूला शहरहरुमा सटर लिएर भएपनि यहाँको उत्पादन विक्रीमा पालिकाले सहयोग गर्न आवश्यक छ ।	रंजिव कुँवर, कृषि शाखा	कृषिमा यो वर्षदखेखी उत्पादनमा अनुदान लगायतका कार्यक्रमहरु सुरु भएका छन् । पक्कै पनि हामी वजारीकरणमा ध्यान दिएका छौं । अझै पनि यो क्षेत्रको कृषि उकास्नेगरी वजारीकरणको कार्यमा हामीले पक्कै पनि ध्यान दिन्छौं ।
१६	नविन ओली	सहज सेवा प्रवाह भएन, लेखापाल नहुदा पटक पटक आउनुपरेको छ ।	मदन अर्याल, प्रमुख प्रसाशकीय अधिकृत	पालिकामा लेखाको समस्याले केही भुक्तानीहरुमा ढिलाई भएको छ । लोकसेवासंग माग गरेका छौं । हामी समाधान गर्ने प्रयत्नमा छौं । फेक र कुसुमखोलामा एउटै सचिवले दुईवटा वडा हेर्नुपरेकोछ । यो समस्या पनि छिटै समाधान हुनेछ ।

सहजिकरण
विष्णुप्रसाद घिमिरे
पिपुल्स क्रियशन प्रा.लि.
तानसेन, पाल्पा

कार्यक्रमको झलक (तस्विरमा)

आचार संहिता
रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राष्ट्रिय गान
सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल

रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पाको
सार्वजनिक
मिति: २०८०/१०/२२

सुनुवाई
आयोजक
रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा